# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ओखलढुङ्गा

**मालसामान तथा निमार्ण कार्य खरिद सम्बन्धी विद्युतीय सिलवन्दी दरभाउपत्र आव्हानको सूचना ।**
**(प्रथम पटक प्रकाशित मिति २०८१/१२/१५)**

यस कार्यालयको चालु आ.व.२०८१।८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यहरु विद्युतीय सिलवन्दी दरभाउपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने हुँदा सोको लागि विद्युतीय सिलवन्दी दरभाउपत्र पेश गर्न योग्य तथा ईच्छुक फर्म तथा सप्लायर्सहरुबाट फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा स्थानीय फर्मको हकमा नगरपालिकामा ब्यवसाय दर्ता गरेको प्रमाण पत्र र आ.व.२०८०।८१ को कर चुक्ता प्रमाण पत्र समेतको प्रतिलिपि संलग्न गरी तपसिलमा उल्लिखित शर्तहरुको अधिनमा रही विद्युतीय बोलपत्र/दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. सिलवन्दी दरभाउपत्रदाताले यस कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Gp प्रणालिको www.bolpatra.gov.np /egp बाट बोलपत्र/दरभाउपत्र सम्बन्धमा थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

२. सिलवन्दी दरभाउपत्र सम्बन्धि कागजात वापतको दस्तुर तल उल्लिखित बैंकमा दाखिला गरेको भौचर स्क्यान प्रति( pdf format) e-GP पोर्टलमा अपलोड गरी सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल http://www.bolpatra.gov .np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**<u>सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :</u>**

बैकको नाम: राष्ट्रिय वाणिज्य वैक शाखा कार्यालय ओखलढुंगा
कार्यालयको नाम: सिद्धिचरण नगरकार्यपालिकाको कार्यालय ओखलढुंगा — बैक खाता नं.: २०७०१००३०१०१०००३
कार्यालय कोड: ८०१०११००१ — राजश्व शिर्षक: १४२२९

३. सिलवन्दी दरभाउपत्रदाताहरुले सिलवन्दी दरभाउपत्रहरु विद्युतीय रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल www.bolpatra.gov.np /egp मार्फत तपसिलको मिति, समय भित्र पेश गरिसक्नु पर्नेछ । उल्लेखित मिति र समय पछि प्राप्त बोलपत्र/दरभाउपत्र स्वीकार हुने छैन ।

४. तोकिएको समय भित्र प्राप्त हुन आएका विद्युतीय सिलवन्दी दरभाउपत्र दरभाउपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा ( बोलपत्रदाता वा प्रतिनिधि नभएपनि ) सोही दिनको २:०० बजे देखि यस कार्यालयमा खोलिने छ ।

५. सिलवन्दी दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा नेपाल राष्ट्र बैंकबाट "क"वर्गाको ईजाजत प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानतपत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य अवधि बोलपत्र मान्य हुने अवधि भन्दा दरभाउपत्रको हकमा कम्तिमा पनि ७५ दिन बढीको हुनु पर्नेछ ।

६. सिलवन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको लगतै पछि कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समय अनुसारनै सिलवन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने मिति कायम हुनेछ । यस्तो अबस्थामा सिलवन्दी दरभाउपत्र र सिलवन्दी दरभाउपत्र जमानतको मान्य अवधि भने साविकैकै मिति देखि गणना गरिने छ ।

७. कुनै वा सबै सिलवन्दी दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

८. यो सूचनामा स्पष्ट नभएका कुराहरुको हकमा सावर्जनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ ।

९. खरिद गरिने मालसामानहरुको स्पेसिफिकेसन सम्बन्धी जानकारी लागी यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np/र Bid Docupment मा उपलब्धछ ।

तपसिल

| ठेक्का संकेत नं. | विवरण | लागत अनुमान ( मु.अ.क.सहित) | दरभाउ पत्र फारम दस्तुर | जमानत रकम | दरभाउपत्र पेश गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|
| Works/SQ/21/2081/82 | नेपाल रेडक्रस उपशाखा भवन मर्मत तथा व्यवस्थापन सि.न.पा. ५ | १४,९९,६७५/१४ | १,०००/- | ३८,०००/- | २०८१/१२/३१, १२:०० बजे |
| Works/SQ/22/2081/82 | वडा नं. ३ को विभिन्न सडक निर्माण तथा स्तरोन्नती | ७,७१,८७८/३६ | १,०००/- | २०,०००/- | |
| Works/SQ/23/2081/82 | वडा नं. ५ को विभिन्न सडक निर्माण तथा स्तरोन्नती | ७,९९,६१७/९५ | १,०००/- | २०,०००/- | |
| Works/SQ/24/2081/82 | मैदाने पखेरीखोला सडक मर्मत तथा स्तरोन्नती सि.न.पा. ६ | ४,९९,९५३/३४ | १,०००/- | १३,०००/- | |
| Works/SQ/25/2081/82 | वडा नं. ७ को विभिन्न सडक निर्माण तथा स्तरोन्नती | ७,५१,९०४/८९ | १,०००/- | १९,०००/- | |
| Works/SQ/26/2081/82 | भुसुने सडक निर्माण सि.न.पा. वडा नं. ८ | १,५४,९३९/१० | १,०००/- | ४,०००/- | |
| Works/SQ/27/2081/82 | बाटो मुनी टोल सडक निर्माण नाल्सु सि.न.पा. वडा नं. १ | २,९९,९९८/५२ | १,०००/- | ८,०००/- | |
| Goods/SQ/28/2081/82 | अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामाग्री खरिद | ६,००,०००/०० (भ्याट नलाग्ने) | १,०००/- | १५,०००/- | |
| Goods/SQ/29/2081/82 | रोग तथा किरा नासक विषादी खरिद | १,९९,८३७/०० (भ्याट नलाग्ने) | १,०००/- | ५,०००/- | |
| Goods/SQ/30/2081/82 | कृषि मेसिनरी खरिद र आपूर्ति (५०% अनुदान) | ११,८३,८००/०० (भ्याट नलाग्ने) | १,०००/- | ३०,०००/- | |
| Goods/SQ/31/2081/82 | सुन्तला विरुवा खरिद | १७,३०,०००/०० (भ्याट नलाग्ने) | १,०००/- | ४४,०००/- | |

प्रकाशन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत